१. पृष्ठभुमीः

१.	सहजीकरण गर्नेको नाम :	नभ संचार प्रालि
२.	ठेगाना :	कोशी प्रदेश, बिराटनगर मोरङ्ग
३.	ईमेल,	purbelikhabar@gmail.com
४.	मोवाएल नं.	९८५२०३५६३०
५.	कार्यक्षेत्र :	(क) रंगेली नगरपालिकाका सबै वडा तथा बिषयगत शाखाहरु
६.	प्रतिवेदनको अवधिः	२०७९ श्रावण १ गते देखि २०७९ फागुन २६ गते सम्म
७.	सार्बजनिक सुनुवाई भएको मिति :	२०७९ फागुन २८ गते
८.	प्रतिवेदनको मिति :	२०७९ चैत्र ५ गते

क. नगरपालिका अर्न्तगत शाखाको कार्य परिचय, सुशासन र आन्तरिक जवाफदेहिताको अवस्था

आर्थिक बर्ष २०७९/८० को प्रथम र दोस्रो चौमासकि कार्यक्रमका लागि संकलित बिबरण र सार्बजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्ने सन्दर्भमा शाखागत रुपमा प्रगतीको अवस्थालाई यहाँ बिश्लेषण गरिएको छ ।

- सन्दर्भ सामाग्रीको अध्ययन तथा कार्यक्रम संचालनको खाका तयारी ।
- रंगेली नगरपालिका शाखा तथा सम्वन्धित कार्यालयहरुसँग सम्पर्क र समन्वय ।
- सार्वजनिक सुनुवाईका लागि प्रश्नावली तयारी ।
- नागरिक प्रतिवेदन पत्र र वर्हिगमन अभिमत पत्र सर्वेक्षण संचालन ।
- कार्यक्रम संचालनका लागि परामर्शदातासँग छलफल र कार्यक्रम संचालन ।

ख. स्थानीय सरकार अर्न्तगतका शाखा तथा वडालाई समेत समेटिएको सार्बजनिक सुनुवाई कार्यक्रम

स्थानीय सरकारको आयोजनामा रंगेली नगरपालिकाको **"सार्बजनिक सुनुवाई कार्यक्रम"** कार्यक्रमले भौगोलिक रुपमा सबै वडा समाबेश गरिएको छ । चालु आर्थिक बर्ष ०७९/८० को हाल सम्म सम्पन्न कार्यहरुको विवरण समेटेर सरोकारवालाहरुको सहभागितामा सार्बजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिएको थियो । यस आर्थिक बर्ष २०७९/८० मा अघिल्ला बर्षहरुमा सञ्चालन रहेका कार्यक्रमहरुको तथा सार्बजनिक सुनुवाई उल्लेखित नगरपालिका कार्यालय मातहतका शाखा कार्यालयहरुको बिबरण समेत उल्लेख गरी सम्पन्न गरिएको छ । सार्बजनिक सुनुवाई कार्यक्रमका लागि उल्लेखित शाखाहरु छनौट गर्नुको औचित्य निम्नानुसार रहेको छः

(क) अधिकाँस सेवाग्राहीहरुले सेवा प्रवाहाका आधारमा पुर्ण सुशासन युक्त कार्यालय स्थापना गराउने कार्यका लागि ।

(ख) सार्बजनिक सुनुवाई मार्फत कानूनी तथा नीतिगत पालना अनुगमन गर्दा निरन्तर सो विधि र प्रकृयाहरुलाई पालना गर्ने पद्धतिको विकास गराउन ।

सार्बजनिक सुनुवाई कार्यक्रम सेवा प्रवाह गर्ने कार्यालयहरुको सुशासन प्रकृयामा जनता तथा स्थानीय सरकार बीचको सकरात्मक सहकार्य तथा सम्बन्धका आधारहरुमा जोड दिदै सुशासनको सुदृढीकरणमा टेवा दिने उद्देश्य रहेकोछ । यस सार्बजनिक सुनुवाई कार्यक्रमले स्थानीय स्तरमा प्रदान गरिने सार्वजनिक सेवा, सुविधा तथा

वस्तुहरुमा जनताको खासगरी जोखिममा रहेका सीमान्तकृत वर्ग, महिला एवं बालवालिकाहरुको पहुँच र नियन्त्रण बढाउन, सुशासन प्रक्रियामा नागरिकहरुलाई संलग्नता गराउदै नागरिक र सार्बजनिक कार्यालयहरु बीच सम्वन्ध विस्तार तथा समन्वय गरी सुशासन, पारदर्शिता तथा विकास प्रक्रियामा सहभागिता अभिवृद्धि गर्न, सार्बजनिक सेवामा सुशासनको अवस्थाको विकास गरी सुधारको अवस्था ल्याउनका लागि सहयोग गर्न कार्यक्रमले सहयोग गरेको छ ।

त्यसैगरी सेवाग्राही, सरोकावाला निकाय र सार्वजनिक सेवा प्रदान गर्ने कार्यालयहरुमा नागरिक तथा नागरिक समाजको सकारात्मक, सिर्जनात्मक र आलोचनात्मक सहभागिता वृद्धि गर्नमा सहयोग गरेको छ । खासगरी सुशासन प्रक्रियामा जनता र सेवा प्रदायक कर्मचारीहरु वीच सकरात्मक सहकार्य एवं सम्वन्धमा जोड दिदै सुशासनको सुदृढीकरणमा टेवा दिने उद्देश्यले सार्बजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिएको हो । रंगेली नगरपालिका भित्रका सेवा प्रदायक शाखाहरुबाट प्रदान गरिने सेवा, सेवा प्रक्रिया एवं विकास निर्माण कार्यलाई वढी भन्दा वढी पारदर्शी, समावेशी, गुणस्तरीय, प्रभावकारी एवं सेवाग्राही मैत्री बनाउन सहजकर्ता मार्फत सुशासनलाई जनताप्रति जिम्मेवारी र उत्तरदायी बनाउने लक्ष्य यस कार्यक्रमले गरेको छ । त्यसैगरी सेवा प्रवाहा गर्ने कार्यालयको क्रियाकलापहरुको बारेमा नागरिकको ज्ञानमा वृद्धि गर्ने, बजेट व्यवस्थापन, कानुनी तथा नीतिगत व्यवस्थाका आधारमा अनुगमन तथा सुपरीवेक्षण गर्ने र सरोकारवाला कार्यालयहरुलाई सुधार गर्नुपर्ने कार्यक्रमको कार्यान्वयनमा सहजीकरणका साथै पृष्ठपोषण उपलब्ध गराउने कार्यमा तथा कार्यालयकको सुशासन र संस्थागत रुपमा समेत आन्तरीक सुशासन कायम गराउन यो सार्बजनिक सुनुवाई कार्यक्रम सफल भएको छ ।

२.उद्देश्य

क. सार्बजनिक सुनुवाई कार्यक्रमको समग्र उद्देश्यः

सेवाग्राहीको सशक्तिकरण तथा सेवा प्रदायक कार्यलयलाई पारदर्शी, जवाफदेही बनाउँदै गुणस्तरीय सेवा प्रदान गर्न तिनको क्षमता अभिबृद्धि गर्नुका साथै तिनलाई अझ बढी जनउत्तरदायी बनाउनु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ ।

ख.सार्बजनिक सुनुवाई कार्यक्रमकोको उद्देश्य :

सेवा प्रदायक कार्यालयहरुको उपलब्ध सेवा, बस्तु र सुबिधा सार्बजनिक गरी त्यस्ता बिषयका सम्बन्धमा सार्बजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने । नागरिकबाट प्राप्त रचनात्मक सुझाबलाई ग्रहण गर्ने

- दोहोरो संवादबाट जिम्मेवार अधिकारी र नागरिक बिचको दुरी कम गरि सेवा, वस्तु र सुविधा प्रदायक अधिकारी सहजकर्तामा रुपान्तरीत भई सुशासनको प्रत्याभूति दिने सार्बजनिक सुनुवाईको कार्यक्रमको उद्देश्य रहेको छ ।

३. सार्बजनिक सुनुवाई कार्यक्रमको प्रकृया र बिधिहरु

- आधारभूत सर्बेक्षण तथा सेवा प्रदायक कार्यालयको अवस्था बिश्लेषण फारमको आधारमा ।
- सरोकारवालाहरुको भनाई तथा प्रतिवद्धताको जानकारी ।
- सम्बन्धित कार्यालयका पदाधिकारी एवम् कर्मचारीहरुसँग सम्पर्क, समन्वय तथा छलफल एवम् स्थलगत वडा वडाको भ्रमण ।

- उपलब्ध आबश्यक अभिलेख/प्रतिवेदन आदिको अध्ययन तथा समिक्षा ।
- यस अघिका प्रगति प्रतिवेदनका सूचनाहरुको संक्षेपीकरण तथा संयोजन ।
- प्रारम्भिक मस्यौदा तयारी एवम् समूह छलफल ।
- सरोकारवालासंगको भेटघाट तथा जानकारी संकलन ।
- प्राप्त सुझाब एवम् पृष्ठपोषणहरु समावेश गरी प्रतिवेदनलाई अन्तिम रुप प्रदान ।

सेवा प्रदायक कार्यालयले बिधि, पद्धति तथा नीतिगत ब्यबस्था पालनालाई कार्यान्वयन गर्नका कार्य गरिएको थियो ।

४. कार्यालयको सुशासन, जवाफदेयिता र पारदर्शिताको अबस्था :

क. सार्वजनिक सुनुवाई

सार्वजनिक सुनुवाई गरिदा सरोकारवालाहरुलाई फेसबुक पेज, म्यासेन्जर, पत्रचार, माईकिङ्ग र रेडियो, पत्रपत्रिका तथा पत्रको माध्यमवाट आमन्त्रित गरिएको छ । सार्वजनिक सुनुवाईमा उठाइएका प्रश्नहरुलाई रंगेली नगरपालिकाका नगर प्रमुख, नगर उपप्रमुख र प्रमुख प्रशासकिय अधिकृतवाट तत्कालै सम्वोधन गरी सम्वन्धित शाखासंग समन्वय गरी कार्य सम्पन्न गरिएको छ । सुनुवाईको क्रममा वढी प्रश्नहरु सेवा प्रवाह, बिधी, पद्धतीका लगायतका विषयमा उठाउने गरेको पाइयो । सार्वजनिक सुनुवाई कार्यविधिले तोके अनुसार ३ पटक भएको छ कि छैन ? कति कार्यालयले सार्वजनिक सुनुवाई गरे वा गरेनन् ? सार्वजनिक सुनुवाईमा लक्षित वर्गबाट कति प्रश्नहरु सोधिए, कति समाधान भए, गुणस्तर कस्तो छ भन्ने सवाललाई सार्बजनिक कार्यक्रम मार्फत सवाल जवाफ गरिएको थियो ।

सार्बजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्ने सन्दर्भमा निम्न तयारी सहित सम्पन्न गरिएको थियो ।

- सन्दर्भ सामाग्रीको अध्ययन तथा कार्यक्रम संचालनको खाका तयारी ।
- सम्वन्धित कार्यालयहरुसँग सम्पर्क र समन्वय ।
- सार्वजनिक सुनुवाईका लागि प्रश्नावली तयारी ।
- नागरिक प्रतिवेदन पत्र र वर्हिगमन अभिमत पत्र सर्वेक्षण संचालन ।
- कार्यक्रम संचालनका लागि परामर्शदातासँग छलफल र कार्यक्रम संचालन ।

ख. सार्वजनिक सुनुवाईमा वहिर्गमित अभिमत र नागरिक अभिमत पत्रको प्रयोग सम्बन्धी अवस्था

नगरपालिका कार्यालयले तेस्रो पक्ष सहजकर्ता मार्फत सहजीकरण शूरुवात गरको छ । सार्बजनिक सुनुवाई कार्यालयमा प्रभाबकारी बन्दै जाने कुरामा प्रतिबद्ध रहदै गएको छ । स्थानीय तहको सुशासन कायम गराउन बिशेष गरी सार्बजनिक सुनुवाई कार्यक्रमले महत्वपुर्ण भुमिका निर्वाह गर्दछ । सार्बजनिक सुनुवाई गर्दा निर्गमअभिमत पत्र र नागरिक अभिमत पत्रको अनिबार्य प्रयोग हुनु पर्दछ । रंगेली नगरपालिका र मातहतका शाखाहरुमा निर्गम अभिमत पत्र तथा नागरिक अभिमत पत्रको प्रयोगलाई अनिबार्य बनाउन सहजकर्ताले १-१ सय प्रति निर्गम अभिमत पत्र र नागरिक अभिमत पत्र छपाई गरी रंगेली नगरपालिकामा अभिमत संकलन

गरिएको थियो । सहजकर्ताले सो प्रयोगका बारेमा सबै कार्यालयलाई जानकारी गराईएको थियो । नगर भित्रका १० वटै वडामा १-१ पटक कम्तीमा ५-५ वटा फारम भरेर कार्यविधि अनुरुप सेवाग्राही तथा नागरिक बाट आएका कुरालाई प्रशोधीकरण गरेर सार्बजनिक सुनुवाई प्रस्तुत गरिएको छ ।

ग. नागरिक वडा पत्र

सुशासन ऐन २०६४ अर्न्तगत सेवा प्रदायक कार्यालयहरुको नेपाल सरकारले तयार पारेको सार्बजनिक सुनुवाई कार्यबिधि २०६७ बमोजिम सबै कार्यालयले सबैले देख्ने ठाँउमा नागरिक वडापत्र राख्नु पर्ने छ भनी उल्लेख गरिएको छ । सवै सार्वजनिक निकायहरुले अनिवार्य रुपमा नागरिक बडा पत्र राखिएको हुनुपर्ने कानूनी प्रावधान अनुरुप नगर र सबै वडा कार्यालयमा समेत प्रभावकारी नभएको पाईएको छ । नगरपालिकामा डिसप्ले मार्फत नागरिक वडापत्रको जानकारी गराईने गरेको छ भने अध्यावधिक हुन बाँकी रहेको पुरानो वडापत्र वडा नम्बर ७ मा रहेको पाईएको छ । यी पनि सुशासन ऐन २०६४ अर्न्तगत सार्बजनिक सुनुवाई कार्यबिधि २०६७ बमोजिम स्थानीय तहले संसोधन गर्नु पर्ने भएमा आर्थिक बर्षको असार मसान्त भित्र गरि सक्नु पर्ने प्राबधान बमोजिम आधारभुत सर्बेक्षण गर्दा सबै वडाहरुमा ब्यबस्थापन गर्न सुझाव प्रस्तुत गरिएको छ ।

घ. गुनासो, सुझाव व्यवस्थापन

आधारभूत सर्बेक्षणका आधारमा माई नगरपालिका, वडा कार्यालय र मातहत शाखाहरुमा गुनासो सुन्ने अधिकारीको ब्यबस्था गरिएको छ । गुनासो सम्बोधन तथा व्यवस्थापन कार्यविधि २०७२ को परिच्छेद २ बमोजिम सेवा प्रदायक कार्यालयले कार्यालयमा आएका गुनासाहरुलाई व्यवस्थापन तथा सम्बोधनका लागि एक जना गुनासो सुन्ने अधिकारी तोक्नु पर्ने छ । हाल सार्बजनिक सुनुवाई सञ्चालित रंगेली नगरपालिका र वडाहरुमा गुनासाहरुलाई व्यवस्थापन तथा सम्बोधनका लागि एक एक जना गुनासो सुन्ने अधिकारीको व्यवस्था लिखित रुपमा नभए पनि जिम्मेबारीका रुपमा गरिएको छ । सूचनाको हक सम्बन्धि ऐन २०६४ को परिच्छेद ४ बुंदा नं ४.२ बमोजिम सार्वजानिक निकायले आफ्नो कार्यालयमा सबैले देख्ने गरि गुनासो पेटिकाको व्यवस्था गर्नुपर्नेछ भन्ने ब्यवस्था बमोजिम जवाफदेयिताका औजार सुझाव पेटिका प्रयोग नगरपालिका र वडा नम्बर ३, ७ र ८ मा रहेको छ । अन्य वडा र बिषयगत शाखामा नरहेको देखिएको छ तर भएका कार्यालयहरुमा समेत सुझाव पेटिका नियमित नहेरेको स्पष्ट देखिन्छ । गुनासो सुनुवाई सम्बन्धि व्यवस्था सूचनाको हक सम्बन्धि ऐन २०६४ को परिच्छेद ४ बुंदा नं ४.२ क बमोजिम सार्वजनिक निकायले सम्पादन गरेका काम कार्यवाहीको सम्बन्धमा सेवाग्राहीबाट प्राप्त गुनासो तथा सुझावलाई सम्बोधन गर्नुपर्दछ । सम्बोधन गर्न नसकेका गुनासोलाई समाधानार्थ माथिल्लो निकायमा पठाउनु पर्दछ । सुशासन सम्बन्धी ऐन,

नियम र कार्यविधी अनुसार कार्यालयका गुनासो सुनुवाई सम्बन्धि व्यवस्थालाई हेर्दा नगर र वडा कार्यालयमा लामो समयदेखि सुझाव पेटिका खोलिएको पाईदैन । लिखित गुनासो अभिलेखीकरण भने प्राप्त रहेको अबस्थामा दस्ताबेजीकरण गर्ने गरी ब्यबस्था गरिएको छ । कार्यालयले मौखिक गुनासोलाई तत्कालै सम्बोधन गरे पनि अभिलेखिकरण गरिएको पाईदैन । सबै लिखित र मौखिक आएका गुनासाको अभिलेख राखी कुन गुनासाको सम्बोधन कसरी गरियो भनी उल्लेख गरेमा उत्तरदायीत्व वहनमा सहजता हुने छ ।

ङ. सूचना अभिलेख

सूचनाको हक सम्बन्धि ऐन २०६४ बमोजिम सार्वजानिक निकायले सूचनको हकको सम्मान र संरक्षण गर्नु गराउनु पर्नेछ । त्यसै गरि सेवा प्रदायक कार्यालयले सूचना प्रकाशन तथा अध्यावधिक गर्नुपर्नेछ । सो को लागि सबैले देख्ने ठाऊंमा सूचना पाटी राख्नु पर्नेछ । सूचनाको हक सम्बन्धि ऐन २०६४ बमोजिम सार्वजानिक निकायले आफ्नो कार्यालयमा रहेको सूचना प्रवाह गर्ने प्रयोजनको लागि सूचना अधिकारीको व्यवस्था गर्नुपर्नेछ । गुनासो सम्बोधन तथा व्यबस्थापन कार्यविधि २०७२ को परिच्छेद २ बमोजिम कार्यालयमा आएका गुनासोहरुलाई व्यवस्थापन तथा सम्बोधनका लागि एक जना गुनासो सुन्ने अधिकारी तोक्नु पर्नेछ । यी माथीका प्राबधान बमोजिम सबै वडामा र माई नगरपालिकामा सुचना अधिकारीको व्यवस्था गरिएको छ । त्यस्तै आधारभूत सर्बेक्षणका समयमा सुचना पाटीको ब्यवस्था सबै कार्यालयमा गरिएको पाईएको छ ।

कार्यक्रम सञ्चालन तथा सुशासनका औजारका विषयमा कार्यालयहरुले सुचनाहरुको अभिलेख अध्यावधिक गर्न तथा सम्पुर्ण सुचना प्रदान, प्रकाशन, दस्तावेजीकरण र कार्यान्वयन गर्नका लागि जिम्मेवारी सहित सुचना अधिकारीको व्यवस्था गरिएको छ । नागरिकका लिखित वा मौखिक सुचनाहरुलाई प्राथमिकता दिई सम्वोधन गर्न सुचाना अधिकारी तोकीएता पनि नगरपालिका र वडामा सुचना डेक्स भनेरै कुनै इकाई स्थपना स्थापना गरिएको छैन । प्राप्त सुचनाहरु सम्बन्धित कर्मचारीले लिपिवद्ध गर्ने र सम्बन्धित अधिकारी समक्ष पेश गर्ने परिपाटीको विकास गर्नुपर्ने देखिएको छ ।

५. (क) रंगेली नगरपालिका र वडाको सुशासन औजारहरुको अबस्थाः

क. स.	कार्यालयको नाम	नागरिक वडा पत्र राखेको	सुचना पाटी राखेको	सुझाव पेटीका राखेको	सुचना अधिकारी तोकेको	गुनासो तथा सुझावको रेकर्ड व्यवस्था भएको
१	रंगेली नगरपालिका	छैन - केही डिजिटल डिस प्लेबाट देखाईने गरेको)	छ	छ	छ	अभ्यासमा

२	वडा नम्बर-१	छैन	छैन	छैन	छैन	अभ्यासमा नरहेको
३	वडा नम्बर-२	छैन	छैन	छैन	छैन	अभ्यासमा नरहेको
४	वडा नम्बर-३	छैन	छ	छ	छैन	अभ्यासमा नरहेको
५	वडा नम्बर-४	छैन	छ	छैन	छैन	अभ्यासमा नरहेको
६	वडा नम्बर-५	छैन	छ	छैन	छैन	अभ्यासमा नरहेको
७	वडा नम्बर-६	छैन	छ	छैन	छैन	अभ्यासमा नरहेको
८	वडा नम्बर-७	छ	छ	छ	छ	अभ्यासमा
९	वडा नम्बर-८	छैन	छ	छ (भित्र)	छ	अभ्यासमा
१०	वडा नम्बर-९	छैन	छैन	छैन	छैन	अभ्यासमा नरहेको

ख. सार्वजनिक सुनुवाई सम्पन्न कृयाकलाय

कार्यक्रमको संख्या	कार्यक्रम सञ्चालन गरिएको कार्यालय	सहभागिहरु						जम्मा (महिला, पुरुष)
		पुरुष	महिला	दलित	जनजाति	मधेसी	अन्य	
१	रंगेली नगरपालिका	१०८	३७	१२	१९	८३	३१	१४५
	जम्मा							

नोटः सहजकर्ता वाहेक सहभागिको संख्या मात्र समाबेश गरिएको छ ।

ग. वर्हिगमित अभिमत पत्र र नागरिक अभिमत पत्रमा सहभागी सेवाग्राहीहरुः

कार्यक्रमको संख्या	सहभागि	सहभागिहरु						जम्मा (महिला, पुरुष)
पहिलो चौमासिक		पुरुष	महिला	दलित	जनजाति	मधेसी	अन्य	
१	नागरिक अभिमत पत्रमा	३४	१६	१५	३	१९	१३	५०
१	वर्हिगमित अभिमत पत्र	४५	१२	७	८	२६	१६	५७
	जम्मा							

६. वहिर्गमन अभिमत पत्र र नागरिक अभिमतपत्रको विश्लेषणबाट आएका केही साझा सवालहरुः

क.सवल पक्षहरुः

- ६ लेण्डको बाटो नगर प्रमुखको अगुवाईमा निर्माण हुनु ।
- सबै जनतालाई समान ब्यवहार हुनु ।
- कर्मचारी, जनप्रतिनिधि जनमैत्री रहेको पाईएको छ ।
- कार्यालय ब्यबस्थित र सुबिधा युक्त छ ।
- क्यान्सर लगायतको जटिल बिरामीलाई नगरपालिकाले दिने सहयोग राम्रो ।
- नगरपालिका स्वच्छ, सफा र हरावरा छ

- बिकास निर्माणको काममा वडा केन्द्रित एकिकृत योजना सञ्चालन गरि गरिएको कार्य स्वागत योग्य छ ।
- बर्तमान जनप्रतिनिधीले विकास योजनामा बिना भेदभाब लगानी गर्नुभएको छ राम्रो छ ।
- अपाङ्गतामैत्री संरचनामा रहनुभएको छ । नगरमा कर्मचारी ब्यस्त भएको राम्रा् छ ।
- विमा सेवाबाट उपचार अस्पतालमा राम्रो रहेको छ ।
  सार्बजनिक सुनुवाई कार्यक्रमको शुरुवाती अत्यान्तै राम्रो छ ।
- बिपन्न, सरकारी बिद्यालयका कर्मचारी, अपाङ्गता लगायतलाई नगरपालिका मार्फत निशुल्क स्वास्थ्य विमा कार्यक्रम राम्रो छ । निरन्तरता दिनु पर्यो ।
- अपाङ्गतालाई नगरपालिकाले हेर्ने कार्य राम्रो छ निरन्तर अभिभावक बनिदिनुहोस ।
- कर्मचारी जनप्रतिनिधी सहयोगी हुनुहुन्छ । मेयर साहेब हरेक कुरामा पोजेटिभ हुनुहुन्छ ।
- विकासका काम तिब्र गतिमा भएको छ ।
- सुशासनका लागि सिसि क्यामरा जडित कार्यलय छ, ।
- किसानलाई राहात प्रदान (खाद) समय समयमा उपलब्ध गराउनु ।
- वडा नम्बर २ कार्यालयमा कर्मचारी जनप्रतिनिधीको व्यवहार राम्रो छ ।
- भवन कम्पाउण्ड, बिद्युत लगायत ब्यबस्थापन राम्रो छ ।
- ५ नम्बर वडा अर्न्तगत बालबिकास कर्मचारीको तलब बृद्धी गरेको राम्रो छ
- ७ नम्बर वडा नगरले आफनो स्वामित्वमा रहेको सटरमा व्यपारीलाई सहुलियत दिएको छ । भाडा १, २ महिना ढिदा हुदा पनि जाीवाना छैन ।
- नगर भित्र मेयर आफै लागेर राम्रो सडक निर्माण भएको छ ।
- वडाध्यक्षको पहलमा बिजुली अफिसबाट चिसाङ्गढाट सम्मको ६ किलो मिटर बाटो निर्माणभई रहेको ।
- खानेपानीका लागि वडाध्यक्षले निजी जगा दिएर व्यबस्थापन गरिदै छ ।यो कार्यका लागी ८ नम्बर वडका जनता वहाँ प्रति निकै खुशी छन ।
- हरेक योजनाको पारदर्शी कार्य गर्नु हुन्छ नत्र भुत्तलानी सिफरिसनै रोकिदिनु हुन्छ ।

शासन, पारदर्शिता, जवाफदेयिता र उत्तरदायी बजेट बिन्योजन तथा कर्मचारीले दिने सेवा सल्लाहा अति राम्रो छ ।

ख.सुधारात्मक पक्षहरु:

- आधुनिक उपकरणहरुको माध्यमबाट छिटो, छरितो र सरल सेवा प्रदान गरिनँ पर्ने ।
- समय समयमा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रमहरु संचालन गरिरहनु पर्ने ।
- नेपाल सरकारले निशुल्क वा छुट दिएको सेवा सुविधाहरु र औषधी शतप्रतिशत पाउनु पर्ने ।
- वडाहरुमा प्रतिक्षालय, पार्किङको व्यवस्थापन, घेरावारा गरिनु पर्ने ।
- कर्मचारी निश्चित समय तोकेर खाजा खाना जाने ब्यबस्थ गरिनु पर्ने । खाजा खाने पालो मिलाएर सेवा प्रदान गरिनुपर्ने ।

➢ अस्पतालमा बिमितहरुलाई सेवा लिन झन्झटिलो, बिमाबाट आबश्यक दिर्घरोगीहरुलाई गुणस्तरीय औषधी नपाईएको । बिमा गर्नेहरुले महंगा औषधी बाहिर किन्नुपर्ने सुधार गरिनुपर्ने ।

७. कार्यक्रम संचालनका क्रममा प्राप्त सवाल जवाफ, बहिगमित अभिमत, नागरिक अभिमतको प्रतिबेदनः

कार्यक्रममा भएका सवाल र जवाफ

क्र. स.	प्रश्नकर्ताको नाम र ठेगाना	प्रश्नहरु	जवाफदेही वक्ता	ज्वाफ
१.	सुरेश मिश्र, नगर शिक्षा समिति सदस्य	कितावतिर त धेरै विकास भएको रंगेली बजार हो । यहाँ बजारमा पसलहरुमा विक्री कम भइरहेको छ । यहाँबाट मान्छेहरु वसाईं सराई गइरहेको छ । बाहिरबाट आउनेहरुलाई यहाँ आकर्षण गर्ने, विकास गर्ने र चहलपहल बढाउने मेयर सावको योजना के छ ?	दिलिपकुमार अग्रवाल : मेयर	सुरेश कृष्ण सरको जिज्ञासा नेपाल वनाउनका लागि प्रयास के के छ भन्नेमा सर्वप्रथम म अपरेशन सहितको आँखा अस्पताल रंगेलीमा ल्याउनका लागि प्रयास गर्दैछु । मन्दिर छेउछाउमा पर्यटकहरु आएर प्रसादीको साथसाथै रोटे पिङ जस्तै अन्य रमाइलो गरेर जाने वातावरण बनोस भनेर तयारी गरिदैछ ।
२.	सहभागी	मैंले सुनेको विकास वजेट २५ देखि ३० प्रतिशत मात्रै छ भन्ने सुनेको यसलाई वढाउन के केमा कठिनाइ भइरहेको छ ? प्रश्तुतकर्ताबाट विद्यालयमा शिक्षक दरवन्दीहरु वितरण भईसकेको भन्ने आयो त्यो कहाँ कहाँ भयो ? रत्न उच्च माविका यो वर्षदेखि अँग्रजी माध्यमबाट शिक्षण हुने कुरा हँदा त्यहाँ दरवन्दी पर्‍यो कि	दिलिपकुमार अग्रवाल : मेयर	आजको सातदिनभित्रमा नागरिक वडापत्र, गुनासो सुन्ने अधिकारी, सुझाव पेटिका लगायतको व्यवस्था गरिनेछ । वजेट अहिलेसम्म ३६ प्रतिशत खर्च भएको छ । विजुलीको पोल र तारहरु लथालिंग भएको छ त्यसलाई

		परेन ? वाँकी छ भने त्यहाँ पठाई दिनुहुन अनुरोध गर्दछु ।		व्यवस्थित गर्ने काम विद्युत प्राधिकरणको हो तर नगरेको अवस्था छ यस्तो अवस्थामा हामीले नै गरिरहेका छौं र अव पनि ज्याला दिएर भए पनि व्यवस्थित गर्ने छौं । शिक्षकाको दरवन्दीहरु पुरा भएको छैन । अँग्रेजी शिक्षक दिने कुरामा रत्न मावि मात्रै होइन अन्य माविहरुले पनि प्रक्रिया पुरा गरी माग गरेको खण्डमा परिणाम देखाउने सर्त शिक्षक दिनेछौं ।
३.	शंकरप्रसाद शाह, रंगेली ७	रंगेलीको सामुदायिक भवन काली मन्दिर गौसाला वनाउने क्रममा अलिक पुगेन भनेर जनता वारम्वार कराइरहेका छन् यसमा ध्यान किन पुगेन ? अर्को कुरो यो रंगेली बजारमा मान्छेहरु बसबाट ओर्लेर शौचालय नभएको कारण यता र उता कुदिरहेका हुन्छन् यसका लागि के योजना छ ? चुनाव त धेरै भयो र जनताहरुहरुलाई आश्वसन धेरै दिएको छ त्यसलाई पुरा गर्न के गर्नुभयो ।	दिलिपकुमार अग्रवाल : मेयर	वसस्टेन्टको सरसफाइ र शौचालयको विषयमा हामी सचेत भएका छौं र यसको चाँडै व्यवस्थापन गर्नेछौं । काली मन्दिर सामुदायिक भवन वनाउने कुरामा अहिलेसम्म ४ देखि ५ करोड खर्च भइसकेको छ अझै पनि धेरै खर्च लाग्नेछ यसका लागि संघीय सरकारसँग कुरा भइरहेको छ यदि संघीय सरकारबाट भएन भने पनि आवधिक योजना वनाएर प्राथमिकतामा राखिनेछ । वसस्टेन्टको मुखमा एउटा सार्वजनिक शौचालय

				वन्दैछ भने वजारमा पनि सार्वजनिक शौचालयको लागि आगामी दिनमा बजेट विनियोजन गरिनेछ ।
४.	झनकबहादुर काफ्ले रंगेली ३	मेरो प्रश्न मेयरसावलाई छ । हाम्रो नगरपालिकामा प्रशस्तै प्लटिङ जग्गाहरु छन् तर सुकुम्वासीहरुले कहिले जग्गा पाउँछन् । हाम्रो योजनामा व्यवस्थित वसोवासको कुरा छ यो कहिले पुरा हुन्छ ?	दिलिपकुमार अग्रवाल : मेयर	सुकुम्वासीको व्यवस्था गर्ने सम्वन्धमा प्रक्रिया अघि वढेको छ हामी एक देखि डेढवर्ष भित्रमा जग्गा वितरण गरेर आफ्नो आफ्नो पुर्जा दिने ठाउँमा पुग्नेछौं ।
५.	रामनारायण माझी, रंगेली १	सुरक्षा सम्वन्धी चोरी डकैती त घटेको छ तर सानामसिना चोरी भइरहेको छ त्यसको नियन्त्रण गर्न ठाउँ ठाउँमा सिसि क्यामेरा राख्दा राम्रो हुने थियो ।	दिलिपकुमार अग्रवाल : मेयर	चोरी चाकरीको नियन्त्रणको कुरा आएको छ यसका लागि नगर प्रहरी तथा स्थानीय प्रहरी चौकीहरुलाई परिचालन गरिरहेको कुरा अवगत गराउन चाहान्छु ।
६.	सहभागी	विकास निर्माणका साना साना योजनाहरु समेत मेसिनहरुको प्रयोग गरेको देखिदैछ यसो गर्दा स्थानीयहरुको रोजगारमा समेत प्रभाव पारेको छ यसो कुटो कोदालोले गर्दा रोजगार त हुने थियो । अर्को कुरा आज सार्वजनिक सुनुवाइमा सहभागीहरु कम देखिएको छ प्रचारप्रसारमा ध्यान दिन सके राम्रो हुने थियो ।	दिलिपकुमार अग्रवाल : मेयर	सार्वजनिक सुनुवाइमा कमी सहभागी भयो भन्ने कुरामा हामीले सवै राजनीतिक दलहरु, सामाजिक संघसंस्थाहरु लागायतलाई परिपत्र गरेकै हो आउनु भएन । माईकिंग गर्नु पर्‍यो भन्ने कुरा छ अर्को पटकदेखि त्यो पनि कोसिस गरौंला ।
७.	भोगेन्द्र वस्नेत रंगेली १	यहाँ ७० प्रतिशत कृषकहरु छन् उनीहरुका लागि मेयरसावले के कस्ता योजनाहरु वनाउनुभएको छ	दिलिपकुमार अग्रवाल : मेयर	१ न. वडामा स्वास्थ्य संस्थाको भवन जस्तो त्यतिबाट सेवा राम्रै दिएको छ, यसलाई

		? अर्को प्रश्न छ हाम्रो वडाको स्वास्थ्य संस्था समयमा खोलिदैन र सेवाग्राहीहरुले वाहिरको फार्मेसीहरुबाट सेवा लिइरहेका हुन्छन् जसले गर्दा पैसाहरु त्यता गइरहेको छ यसमा मेयरसावले ध्यान दिनुभएको भए हुने थियो । त्यस्तै शिक्षामा कुरा गर्दा मेरो घर छेउको स्कुलमा म कहिलेकाहीं जाँदा एक जना मिसले दुईवटा कक्षा लिइरहेको हुन्छ किन यस्तो गरेको भनी सोधी गर्दा हामी स्टाफ पुरा छैनौ भन्ने उत्तर आउँछ किन शिक्षक संख्या पुरा हुँदैन ?		थप सुधार गर्नका लागि १ न. वडा र ५ न. वडामा स्वास्थ्य संस्थाको नयाँ भवन वन्दैछ, त्यसपछि सेवामा सुधार हुनेछ । कृषिमा संघीय सरकारबाट २ करोड ७५ लाख पठाउने भनेकोमा देशको विविध कारणले रोकियो त्यसका लागि हामी क्षमा चाहान्छौं । हाम्रो तर्फबाट छुट्याइएको पैसा कटौती भएको छैन त्यसबाट कृषिमा लगानी गछौं ।
८.	सहभागी	रंगेलीमा भुस्याहा कुकुरहरुको विगविगी वढेर मान्छे हिड्न सकिदैन अनि कृषकहरुको पशुपंछी समेत खाइदिने गरेको छ यसको नियन्त्रण कसरी हुन्छ ? रंगेली नगरपालिकाको बाटो भरी टेन्टहरु लगाएर विवाह जस्तो कार्य गरिरहेको हुन्छ यसो गर्न पाइन्छ ? कृषकहरुको खेतवारीमा सिचाइ पुगेको छैन नहरको पानी खोलामा वगेको छ, नगरपालिकाले वोरिङ बाँडेको छ तर पहुँच भएकाले मात्रै पाएको छ किन ? सहकारीहरुबाट मल पाइदैन कहाँबाट लिने हो ? नगरपालिकाभरीको सबै कृषकहरुको डाटा राखीदिए के फरक पर्छ ? अरु राम्रो कामको लागि धन्यवाद	दिलिपकुमार अग्रवाल : मेयर	कानुनी रुपमा कुकुर मार्न पाइदैन यदि मार्न पाउने हो भने एक हप्ताभित्रमा मार्न लगाउने थिएँ । त्यसैले हामी कुकुर व्यवस्थापन गर्न असक्षम छौं ।

९.	भोगेन्द्र मण्डल, रंगेली ८	रंगेली नगरपालिकाको विवादित पुस्ताकालयलाई कालीमन्दिरको भवनको माथिलो तलामा व्यवस्था गरे राम्रो हुने थियो । गाउँ गाउँमाा हुने साना किसिमको विवादहरु त्यहीं दर्ता गरी मिलाउने व्यवस्था भईदिए हुने थियो ।	दिलिपकुमार अग्रवाल : मेयर	
१०.	रामदास मण्डल, रंगेली ८	चण्डिका डिस्टीलरीले कारखानाबाट निस्केको तरलजन्य फोहोर पदार्थहरु सिधै खोलामा मिसाएको छ जसका कारण धेरै असर पुगेको छ ।	दिलिपकुमार अग्रवाल : मेयर	कारखानाबाट निस्केको पानीलाई फिल्टरको प्रयोग गरेर सफा वनाई खोलामा हाल्ने प्रतिवद्धता पहिले नै गरीसक्नु भएको छ अव यही हप्ताभित्रमा उक्त काम गर्नुहुन्छ भन्ने विश्वास लिएको छु ।

मेयर दिलिप कुमार अग्रवालः

- बालविकास केन्द्रहरुलाई थप व्यवस्थित गरी संचालन गर्ने यदि बालविकास केन्द्रमा बालबालिकाको संख्या कमी भएमा विद्यालयमा सिफ्ट गर्नेछौं ।
- सडक पेटीहरु लगायतको क्षेत्र खाली वनाउने विषयमा हामी मात्रै सचेत भएर नहुने भएकाले सबैमा चेतनाको आवश्यकता छ भने यसमा नगर प्रहरी समेत परिचालन गरी सरसफाइ गरिनेछ ।
- खानेपानीको नयाँ समिति गठन गरेर परिचालन गरिनु पर्ने हो यसका लागि समिति चाँडै काम गरोस यदि समिति गठन गर्न सक्दैन भने नगरपालिकालाई जिम्मा दिओस नगरपालिकाले स्वच्छ र सफा खानेपानी उपलव्ध गराउँछौं ।
- विभिन्न स्थानहरुमा भईरहेको कामको विषयमा त्यसमा निर्माण व्यवसायीहरुको कुरा छ तिनीहरुले ढिलासुस्ती गरेमा कानुन अनुसार भइ जानेछ ।
- वडा न. ३ मा उपभोक्ता समिति गठन गर्दा एकलौटी गरियो भनेर कुरा आएको छ त्यो कुन योजनाको हो जानकारी भएन, र त्यस्तो भएको पनि छैन । नगरको ९ वटै वडामा समिति गठन गर्न परेकै छैन र परे पनि एकलौटी भएको छैन ।
- नहरको सरसफाइको कुरामा सिचाइले गर्ने काम हो जहाँ सरसफाइ गर्नुछ हामी हेरेर सरसफाइ गर्नेछौं ।
- खानेपानीको व्यवस्था अव ९ वटै वडामा भइरहेको छ । कुनै व्यक्तिलाई खानेपानीको समस्या छ भन्ने सुचना वडामा आए तुरुन्तै कलको व्यवस्था गर्न सकिनेछ ।

- निवेदनको शुल्क लाग्ने कुरा छ मलाई लाग्छ शुल्क लाग्दैन यदि त्यस्तो हो भने हामी हरेक वडामा निवेदनको ढाँचा टाइप गरेर राख्ने व्यवस्था यो दुई महिनाभित्रमा गर्नेछु ।
- विषादी तथा औषधी निशुल्क वितरण होस भन्ने सुझाव छ त्यो हामीले गरी नै रहेका छौं र यो कार्य आर्थिक समिति मार्फत धानको वीउविजन अन्य वीउवीजनहरु कृषि र पशुपन्छी कार्यालयले गरिरहेको छ ।
- वडा कार्यालयहरु आफ्नै नभएको हकमा वडा कार्यालयहरु निर्माण भईसकेको हुनाले एक हप्तादेखि १० दिनभित्रमा आफ्नै वडा भवनहरुबाट सेवा प्रदान गर्ने तयारीमा छौं ।

- ९ न. वडा पनि वजारको व्यवस्था गरिदिनु पर्ने कुरा आएको छ हामी अहिले दोमना, ववियां विर्ता, रंगेली वजार लगायतलाई व्यवस्थित गर्न लागेका छौं त्यसरी नै त्यहाँ पनि वजार व्यवस्थापन गर्ने तयारीमा छौं ।
- रोजगारको कुरा छ नेपाल र भारतवीचको यातायातको साधनहरु सजिलोसँग आवगमनको व्यवस्था मिलाउनका लागि पहल गरिनेछ ।

- छात्रवृत्तिको कुरामा आगामी आ. व. देखि १८ जना विद्यार्थीहरुलाई पुर्ण निशुल्क इन्जिनियरिङ शिक्षामा व्यवस्था गरिने छ ।

- १ न. वडाको धनबहादुरको घरदेखि नन्दबहादुरको घरसम्मको बाटो कहिले वन्छ भन्ने प्रश्नमा त्यो बाटो मेरै कार्यकालमा पूरा हुन्छ ।

- नारायण सरको घरसम्मको बाटो यसै आ. व. मा पीच हुनेछ ।

- विद्युतको पोल उपलव्ध गराई दिनका लागि विद्युत प्राधिकरणको प्रमुखलाई रंगेलीलाई विशेष प्राथमिकतामा राखीदिनु हुन अनुरोध गर्छु ।

- रंगेली ६ मा रहेको सिमसारक्षेत्रलाई पर्यटकीय स्थल वनाउने विषय उठेको छ त्यो कार्य यो पाँच वर्षमा पुरा हुनेछ ।

- विद्यालय व्यवस्थापन समिति गठन गर्दा चुनावको विधिलाई रंगेली नपामा वन्चित गरिएको छ । चुनाव नगर्दा दुईपटकसम्म व्यवस्थापन समिति गठन हुन सकेन भने नगर प्रमुखले तोकिदिन सकिन्छ । यसरी अहिले गणेश मावि, चोप्राह र पव्लिक मावि रंगेलीको समिति तोकिएको छ ।

इ. शशिकान्त तिवारी : नेपाल विद्युत प्राधिरण

- यो सार्वजनिक सुनुवाइमा आएका जिज्ञासाहरु जुन विद्युतको पोल सार्न नसकिएको प्रसंग छ त्यसमा पोलको कारणले काम गर्न नागरिकलाई अप्ठयारो भएको खण्डमा प्रक्रिया पुऱ्याएर सार्न सकिन्छ । विद्युतीकरणको कुरा छ विद्युतीकरण सर्वसुलभ ढंगले सबैतिर पुऱ्याइने नै छ । विद्युतको पोलहरुमा

भएको तारहरुको कारणले रंगेली नगरपालिका फोहोर देखिएकोमा यसलाई सफा गरी यो नगरपालिका सफा वनाइने छ । जहाँसम्म रंगेली नगरपालिकामाा विद्युतीकरणको कुरा छ यसमा तपाईंकै पालामा गरिनेछ ।

भुमाकुमारी पराजुली : उपमेयर

- बिद्यालय अनुगमन सम्बन्धमा बिद्यालय अनुगमन र बिद्यालय व्यवस्थापन समिति गठन गर्न समिति निर्माण गरिएको छ ।
- नगर शिक्षा समिति गठन भई सकेको छ । अनुगमन समिति पनि निर्माण भईसकेको छ ।
- मन्दिरको छेउमा मदिरा सेवन गर्न नपाईने भन्ने सवालमा बिक्री बितरण गर्न नदिनु भन्ने सन्देश दिएका छौ । केही समय पछी नीति नियम बर्नार मन्दिरकै छेउमा जोर्डिका पसललाई व्यवस्थित गारिने छ ।
- न्यायीक समितिमा धेरै मुद्धा आउछन, सहज तरिकाले निकास दिईएको छ । विकास निर्माणका काम मात्र भए साना मसिना काम भएन मात्र भए भन्ने सवालमा साना मसिना पनि धेरै काम भएका छन । हिंसा प्रभाबित महिलालाई वडा नम्बर १ देखी ९ वडा सम्म १५ हजारका प्रदान गरेका छौ । एक सय २५ जनालाई उद्यमशिलता तालिम प्रदान गर्रिको छ ।
- सन्थाल समुदायका महिलालाई जनचेतनामुलक कार्यक्रम, तालिम र सामाग्री प्रदान गरिएको छ ।

८. सार्बजनिक सुनुवाईका कममा रंगेली नगरपालिका कार्यालयको सुशासन, जवाफदेयिता र पारदर्शिताको अवस्थाको संक्षिप्त जानककारी :

रंगेली नगरपालिका कार्यालयको सुशासन, जवाफदेयिता र पारदर्शिताको अबस्था :

आर्थिक बर्ष २०७९/८० को सार्बजनिक सुनुवाई कार्यक्रमका लागि संकलित बिबरण र सार्बजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्ने सन्दर्भमा शाखागत रुपमा प्रगतीको अवस्थालाई यहाँ बिश्लेषण गरिएको छ ।

- सन्दर्भ सामाग्रीको अध्ययन तथा कार्यक्रम संचालनको खाका तयारी ।
- माई नगरपालिका शाखा तथा सम्वन्धित कार्यालयहरुसँग सम्पर्क र समन्वय ।
- सार्वजनिक सुनुवाईका लागि प्रश्नावली तयारी ।
- नागरिक प्रतिवेदन पत्र र वर्हिगमन अभिमत पत्र सर्वेक्षण संचालन ।
- कार्यक्रम संचालनका लागि परामर्शदातासँग छलफल र कार्यक्रम संचालन ।

लेखा शाखा

- रंगेली नगरपालिकामा लेखा शाखा अर्न्तगत भएका तथा देखिएका कार्यहरु यस प्रकार रहेका छन ।
- आर्थिक बर्ष २०७९/८० को रंगेली नगरपालिकाको कुल बजेट ९९ करोड १७ लाख ३७ हजार २२ रुपैया ९९ पैसा रहेको छ ।
- चालु आ.व.को फाल्गुन २६ गते सम्ममा चालु खर्च तर्फ ४० दशमलव ०३ प्रतिशत खर्च भएको छ । चालु खर्च तर्फ बिन्योजन भएको ५२ करोड ८६ लाख ३९ हजार ४ सय ७७ रुपैया मध्ये २१ करोड १६ लाख १६ हजार ६ सय ८ रुपैया खर्च भएको छ ।
- पुँजीगत तर्फ हाल सम्ममा ३२ दशमलव ७ प्रतिशत खर्च भएको छ । पुँजीगत तर्फ बिन्योजन भएको ४६ करोड ३० लाख ९७ हजार ५ सय ४५ रुपैया मध्ये १५ करोड १४ लाख ७० हजार ७ सय २९ रुपैया खर्च भएको छ ।
- यता सशर्त तर्फ ३६ दशमलव ६१ प्रतिशत खर्च भएको छ । सशर्त तर्फ बिन्योजन भएको ९९ करोड १७ लाख ३७ हजार २२ रुपैया मध्ये ३६ करोड ३० लाख ८७ हजार ३ सय ३७ रुपैया खर्च भएको छ ।

राजश्व शाखा

- नगरपालिकामा हाल सम्म आन्तिरीक राजश्व संकलन १ करोड ४६ लाख ३४ हजार ६ सय ५३ रुपैया ३७ पैसाा रहेको छ ।
- लेखा शाखामा रहेको रेकर्डबाट तलबी कर्मचारी ..... जना र जनप्रतिनिधी ..... जना रहेको रेकर्डमा पाईएको छ ।

घर नक्सा शाखा

चालु आर्थिक बर्षमा घर नक्सा पासका लागि निबेदन ४४ वटा आएकामा ३७ घर नक्सा पास गरिएको छ । नक्सा बापत राजश्व ३ लाख ५८ हजार १५ रुपैया ९९ पैसा आम्दानी भएको छ ।

वडागत रुपमा नक्सा पासको अबस्थाः

वडा नम्बर	वडा नम्बर	संख्या
१	१	३
२	२	२
३	३	३
४	४	४
५	५	१
६	६	२
७	७	१२

८	८	७
९	९	३
जम्मा		**३७**

घर नक्सा वापत राजश्व (**किताव खरिद र पाँस खर्च**) बाट ३ लाख ५८ हजार १५ रुपैया ९९ पैसा आम्दानी भएको छ ।

दर्ता चलानी शाखा

चालु आर्थिक बर्ष हाल सम्म दर्ता संख्या-२६१९ वटा

चालु आर्थिक बर्ष हाल सम्ममा चलानी संख्या-१५६५ वटा

शिक्षा शाखा

रंगेली नगरपालिकामा कुल शैक्षिक संस्था ४३ वटा रहेका छन ।

सामुदायिक विद्यालयतर्फः प्रथामिक तह संख्या-११, निम्न माध्यमिक तह संख्या-६, माध्यामिक तह विद्यालय सङ्ख्या-८, उच्च माध्यामिक तह संख्या-४, क्याम्पस संख्या-१ गरी सामुदायिक तर्फ ३० वटा शैक्षिक संस्था रहेका छन ।

निजि विद्यालयतर्फः प्रथामिक तह संख्या-४, निम्न माध्यमिक तह संख्या-१, माध्यामिक तह विद्यालय सङ्ख्या-६, उच्च माध्यामिक तह संख्या-२ गरी १३ वटा शैक्षिक संस्था रहेका छन ।

धार्मिक बिद्यालय संख्या ४ वटा रहेका छन ।

यस चौमासिकमा निम्न कार्य सम्पादन भएको छ ।

१.दरबन्दी मिलान गरिएको छ ।

२. शिक्षण सहयोगी १२ जना मध्ये ४ जना रिक्त रहेकोमा सुचना प्रकाशन भएको छ ।

३.स्थानीय पाठ्यक्रम निर्माण भईरहेको छ । चैत्र मसान्त सम्ममा पाठ्यक्रम तयार रहने छ ।

४.आगामी बर्षबाट पाठ्यपुस्तक तयार गरी लागु गरिने छ ।

५.सामुदायिक सिकाई केन्द्र १ वटा रहेको र बार्षिक कर्मचारी तलव सहित २ लाख अनुदान दिने गरिएको छ । सामुदायिक सिकाई केन्द्रको परिचालकलाई मासिक तलब ८ हजार रहेकोमा नगरपालिकाले थप ७ हजार थप गरी न्युनतम पारिश्रमिक १५ हजार प्रदान गर्ने गरी कार्य गरिएको छ ।

६.बिपन्न, पिछाडी पारिएका लगायतका शिक्षक सेवा तयारी गर्दै रहेका बिद्यार्थीले निशुल्क शिक्षक सेवा आयोग तयारी कक्षा शिक्षा शाखा अर्न्तगत सञ्चालन गरिएको छ ।

७.शिक्षक, बिद्यार्थी, बिद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ सम्मीलित कार्यक्रमका लागि ३० लाख बजेट बिन्योजन गरी चालु आर्थिक बर्षमानै कार्यक्रम सञ्चालन गरिने छ ।

८.नगर शिक्षा ऐन २०७९ लागु गरिएको छ ।

९.पब्लिक माबिलाई नमुना बिद्यालय निर्माणका लागि १२ कोठे भवन निर्माण शुरु गरिएको छ ।

१०.फरक क्षमता भएकाहरुका लागि रत्न माबि, अन्य भवन निर्माण जनता माबि आपगाछी,महेन्द्र माबि, जनता माबि आपतोला लगायतमा भवन निर्माण गरिएको छ ।

न्यायीक समितिको सचिवालय

यस अवधीमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिन्छेद ८ दफा ४७ न्यायिक समितिको अधिकार क्षेत्र अर्न्तगत उपदफा (१र२) अर्न्तगत बिबाद समाधानको अबस्था

	अल्या	चालु आव	जम्मा	ीमलापत्र	प्रकृयामा
उपदफा १	८	११	१९	१४	५
उपदफा २	६	१६	२२	१४	८
जम्मा	**१४**	**२७**	**४१**	**२८**	**१३**

प्रधानमन्त्री रोजगार सेवा केन्द्र

हरेक वडामा ९/९ जनाका दरले बिभिन्न योजनाहरुमा सक्रिय रहेको उनीहरुले हाल सम्म ४०/४० दिनका दरले रोजगार गरिरहेका छन ।

पञ्जिकरण तथा सामाजिक सुरक्षा शाखा

ब्याक्तिगत घटना दर्ताको अबस्थाः श्रावण १ देखी फागुन २६ गते सम्म

वडा नम्बर	जन्म	मृत्यु	सम्बन्ध बिच्छेद	ीविवाह	बसाई सराई आएको		बसाई सराई जाने		जम्मा
					परिवार	सदस्य	परिवार	सदस्य	
१	१३३	२०	४	६७	१७	४७	३६	११७	२७७
२	१२१	३५	४	४७	१७	३८	३४	१०७	२५८
३	११२	३३	१	४०	२२	७८	३१	१०६	२३९
४	५५	१०	०	२४	५	१९	९	२५	१०३
५	६९	१८	०	३३	०	०	२	६	१२२
